मिति २०८१/०९/२५ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुली गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको विशेष बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारीत प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमको निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल

बैठक सञ्चालन मितिः २०८१/०९/२५

बैठक बसेको समयः अपह्रान्न २:०० बजे

**-उपस्थिति-**

| सि.नं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी 'अशोक' | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष-१ | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष-२ | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष-३ | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष-४ | |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष-५ | |
| ८. | श्री वीर बहादुर पुलामी | वडा अध्यक्ष-६ | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष-७ | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष-८ | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष-९ | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष-१० | |
| १३. | श्री तिलक बहादुर वस्नेत क्षेत्री | वडा अध्यक्ष-११ | |
| १४. | श्री नागमाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५. | श्री गंगामाया तामाङ | कार्यपालिका सदस्य | |
| १६. | श्री सिम कुमारी आले | कार्यपालिका सदस्य | |
| १७. | श्री पदममाया मस्राङ्गी | कार्यपालिका सदस्य | |
| १८. | श्री कमल बहादुर दर्मै | कार्यपालिका सदस्य | |
| १९. | श्री लोक बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २०. | श्री मनिषा चौधरी प्रमुख, प्रशासकीय अधिकृत | सदस्य सचिव | |

श्री चेत बहादुर पुलामी - क.प्र.शाखा प्रमुख

श्री चन्द्रिका आले, लेखा

मिति २०८१/०९/२५ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुली गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा |
|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा। | प्रशासन शाखा |
| २ | काम कारबाही तथा विभिन्न समितिहरु निर्णयहरु अनुमोदन गराउने सम्बन्धमा | प्रशासन शाखा |
| ३ | अर्ध वार्षिक समिक्षाको प्रगति प्रतिवेदन प्रस्ताव पेस गर्ने सम्बन्धमा | प्रशासन शाखा |
| ४ | चालु आ.व. ०८१/०८२ का योजना, कार्यक्रम तथा बजेट पुनरावलोकन/संशोधन गरी स्वीकृतिको लागि गाउँसभामा पेश गर्ने सम्बन्धमा | आर्थिक प्रशासन शाखा |
| ५ | एक विद्यालय एक करेसाबारी कार्यविधि २०८१ | कृषि शाखा |
| ६ | वडा नं. २ को प्रशासनिक भवनको म्याद थप सम्बन्धमा | पूर्वाधार शाखा |
| ७ | ठेक्का नं. TRM/W/NCB/09/2077/078 अन्तर्गत item परिमाणको भेरियसन सम्बन्धमा | पूर्वाधार विकास शाखा |
| ८ | रकम फिर्ता सम्बन्धमा | पूर्वाधार विकास शाखा |
| ९ | किसान सूचिकरण कार्यक्रम सम्बन्धमा | कृषि शाखा |
| १० | कक्षा अपग्रेडको अनुमति दिने सम्बन्धमा | शिक्षा शाखा |
| ११ | सडक मर्मत सम्बन्धमा | पूर्वाधार शाखा |
| १२ | आर्थिक सहयोग सम्बन्धमा | आर्थिक प्रशासन शाखा |
| १३ | आर्थिक सहयोग सम्बन्धमा | आर्थिक प्रशासन शाखा |
| १४ | झोलोङ्गे पुल माग सम्बन्धमा | पूर्वाधार शाखा |
| १५ | दरबन्दी थप गर्ने सम्बन्धमा | प्रशासन शाखा |
| १६ | करार कर्मचारीहरुको म्याद थप गर्ने सम्बन्धमा | प्रशासन शाखा |
| १७ | शिक्षा समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा | शिक्षा शाखा |

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका अघिल्लो गाउँ कार्यपालिको बैठको समीक्षा गरियो।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व. ०८१/०८२ मा हालसम्म भएका गाउँ कार्यपालिका न्यायिक समिति, गाउँ शिक्षा समिति, अनुगमन तथा मूल्याङ्कन समिति तथा योजना फरफारक समिति, विपद् व्यवस्थापन समिति वडा कार्यालय वडा समिति गाउँ कार्यपालिकाको कार्यालयले सम्पादन गरेका कामकारबाही तथा निर्णयहरु अनुमोदन गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको चालु आ.व. ०८१/०८२ को २०८१ अर्धवार्षिक समीक्षा गरी सो को प्रतिवेदन स्वीकृतिका लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आ.व. ०८१/०८२ को योजना, कार्यक्रम तथा बजेट पुनरावलोकन गरी वडा बाट प्राप्त अत्यावश्यक योजना, कार्यक्रम तथा बजेट संशोधन गरी स्वीकृतिका लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका विधायन समितिमा छलफाल भई तयार गरी निर्णय भई आएको तपसिल बमोजिमको कानूनहरु पारित गर्ने निर्णय सर्वसहमतिले पारित गरियो।

१. एक विद्यालय एक करेसाबारी कार्यविधि २०८१,

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको ठेक्का नं. TRM/W/NCB/06/2079/080 वडा नं. २ को वडा प्रशासनिक भवन निर्माणाको समयावधि सकिएको हुँदा निर्माण कार्य सम्पन्न नभएको कारण ३ (तीन) महिनाको समयावधि थप गर्ने निर्णय सर्वसहमतिले पारित गरियो।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको ठेक्का नं. TRM/W/NCB/09/2077/078 लाम्पनटार प्राथमिक स्वास्थ्य केन्द्र भवन तथा स्टोर निर्माणाको ए.एम पाइनस जे. भी ले पेस गरे बमोजिम र यस कार्यालयको प्राविधिक मूल्याङ्कन प्रतिवेदन अनुसार भेरियसन चार्ट स्वीकृत गर्ने निर्णय सर्वसहमतिले पारित गरियो।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको मिति २०८१/०४/२७ गते प्रकाशित बोलपत्र आह्वान को ठेक्का नं.TRM/W/NCB/01/2081/082-I, TRM/W/NCB/01/2081/082-II, TRM/W/NCB/01/2081/082-III को मिति २०८१/६/८ मा यस गाउँपालिकाको कार्यालय र शुभ श्री निर्माण सेवा प्रा.लिसँग भएको सम्झौता बमोजिम तोकिएको समयमा सडक मर्मत कार्य गर्न नसकेकोले र निज ठेकेदारको काम गराई चित्ता बुझ्दो नभएको र मुख्य चाडपर्वलाई लक्षित गरी सरसफाइ ठेक्का लगाईएकोमा उक्त कार्य सम्पन्न गर्न नसकेको कारणले उक्त निर्माण सेवासँग भएको सम्झौता मिति २०८१/०८/११ गतेको कार्यापालिकाद्धारा ठेक्का रद्द गरिएको, सो ठेक्कामा प्राविधिक मूल्याङ्कन अनुसार निज निर्माण व्यवसायीले पाउनु पर्ने रकम रु २२,५२,९०३.८८ (बाइस लाख बाउन्न हजार नौ सय तीन दशमलव आठ आठ रुपैया) र निजले पेस्की बमोजिम भुक्तानी लिएको रकम रु २७,०२,५८६।– (सत्ताईस लाख दुई हजार पाँच सय छयासी) मा रु ४,४९,६८२.१२ चार लाख उनान्पचास हजार छ सय

बयासी दशमलव एक दुई रुपैया बढी भुक्तानी भएको हुनाले बढी भुक्तानी भएको रकम निज निर्माण व्यवसायीको बैङ्क ग्यारेन्टीबाट असुल उपर गर्ने निर्णय सर्वसहमतीले पारित गरियो।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाद्वारा किसान सूचिकरण कार्यक्रमका लागि तपासिलको वडाहरु छनौट गरी किसानको सूचिकरण गर्ने निर्णय गरियो।

तपसिल

| क्र.स. | छनौट भएको वडा | जम्मा घरधुरी संख्या | किसान सूचिकरण गर्ने घरधुरी |
|---|---|---|---|
| १ | ६ | ८६७ | ३०० |
| २ | ९ | ७८७ | ३०० |
| ३ | १० | ५८७ | ३०० |
| ४ | ११ | ८५१ | ३०० |
| जम्मा | | ३०९२ | १२०० |

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका वडा नं. १ मा सञ्चालित श्री गौरीशंकर अंग्रेजी बोर्डिङ स्कुल हाल कक्षा चार सम्म सञ्चालन हुँदै आएकोमा आगामि शैक्षिक सत्रबाट कक्षा ५ सम्म सञ्चालन गर्नका लागि कक्षा अपग्रेडको अनुमति दिने निर्णय सर्वसहमतिले पारित गरियो।

निर्णय नं.११

प्रस्तान नं. ११ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाद्वारा आ.व. ०८१/०८२ को सम्पूर्ण वडाहरुको बाटो सरसफाई तथा मर्मत भएको र प्राविधिक इस्टिमेट बमोजिम कार्य सम्पन्न भइसकेकोले तपसिलका वडाहरुमा अझै पनि सडक मर्मत तथा सरसफाई गर्न बाँकी रहेको हुँदा सम्बन्धित वडाको प्राविधिकले इस्टिमेट तयार गरी प्रमुख प्रशासकीय अधिकृत र पूर्वाधार विकास शाखा समक्ष पेस गरी प्राविधिकले पेस गरेको इस्टिमेट सम्बन्धी कार्यालयमा छलफल गरी कार्य सञ्चालन गरिने निर्णय गरियो।

तपसिलः

१. वडा नं. १
२. वडा नं. ५
३. वडा नं. ६

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा सिन्धुली जिल्ला खेलकुद विकास समितिद्वारा आयोजित जिल्ला स्तरीय खेल महोत्सवका लागी यस कार्यालयको आ.व. २०८१/०८२ को विविध शिर्षकबाट रु २,००,०००।- दुई लाख रुपैया दिने निर्णय सर्वसहमतिले पारित गरियो।

मिति २०८१/०९/२५ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुली गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

निर्णय नं. १३

प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका गाउँ कार्यपालिका सदस्य श्री गंगा माया तामाङ्ग लाई औषधी उपचार खर्च बापत आ.व. यस कार्यालयको जनप्रतिनिधि औषधी उपचार खर्च शिर्षक बाट रु ३०००० तीस हजार रुपैया आर्थिक सहयोग गर्ने निर्णय सर्वसहमतीले पारित गरियो।

निर्णय नं. १४

प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका भित्रको तपसिल बमोजिमको स्थानहरुमा आवश्यकताको आधारमा झोलोङ्गे पुल मागका लागि स्थानीय पूर्वाधार विकास विभागमा लेखि पठाउने निर्णय सर्वसहमतिले पास पारित गरियो।

तपसिलः

१. हात्तिसार- बोक्से तीनपाटन १ र ३
२. घ्याम्पा झगरे धुसेनी तीनपाटन ६
३. सुकुमके- बोक्सिटार तीनपाटन १०
४. जोगिडाँडा खोलागाउँ तीनपाटन ८
५. लोखर्के दोभान तीनपाटन ४
६. न्याउने वलिटार तीनपाटन ९ र १०
७. नक्कले चिउरीखोप प्रा.वि. सनिटार तीनपाटन ५
८. जराई मोरोङ्गे बोक्से हात्तिसार तीनपाटन ३
९. किराते खोला तीनपाटन २
१०. निबुवाबोट तल्लाटार तीनपाटन ८
११. दोभानटार पाङनामे तीनपटान १० र ११
१२. डाडा खर्क रिठ्ठे तीनपाटन ९
१३. महभिर जुके तीनपाटन ८
१४. दुवे मा.वि. शिसाबोट तीनपाटन ५
१५. पञ्चङ वेल्टार तीनपाटन ४ र १०

निर्णय नं. १५

प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका अन्तर्गत रहेको स्वस्थ्य संस्थाहरुमा कर्मचारी अपुग भएकोले देहाय बमोजिमको दरबन्दी थप गरी पदपूर्ती गर्न स्वीकृतिका लागि गाउँ सभामा पेस गर्ने निर्णय सर्वसहमतीले पातित गरियो।

<u>तपसिलः</u>

अ.नं.मि. २ दुई जाना

अ.हे.व. ३ तीन जना

<u>जम्मा ५ पाँच जना</u>

CamScanner

**निर्णय नं. १६**

प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका तथा अन्तर्गतका सम्पूर्ण कार्यालयमा कार्यरत सम्पूर्ण करार/ज्यालदारी कर्मचारीहरुको आ.व. २०८१/०८२ को असार मसान्तसम्मका लागि म्याद थप गर्ने निर्णय सर्वसहमतिले पातिर गरियो।

**निर्णय नं. १७**

प्रस्ताव नं. १७ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका गाउँ शिक्षा समितिको मिति २०८१/०९/२५ गतेको बैठकको निर्णयलाई सर्वसहमतीले अनुमोदन गर्ने निर्णय गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।

CamScanner